# स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक श्रोत व्यवस्थापन सम्बन्धी ऐन, २०८०

स्वीकृत मितिः- २०८०।११।११

छथर जोरपाटी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोरपाटी, धनकुटा ।

अध्यक्ष

छथर जोरपाटी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जोरपाटी, धनकुटा ।

Scanned with CamScanner

## छथर जोरपाटी गाउँपालिकाको वातावरण संरक्षण तथा प्राकृतिक श्रोत व्यवस्थापनका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०

प्रस्तावना :

छथर जोरपाटी गाउँपालिका क्षेत्र भित्र स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने संविधान प्रदत्त नागरिकको मौलिक हक तथा अधिकारको संरक्षण गर्न, विभिन्न किसिमका प्राकृतिक स्रोत साधनको समुचित उपयोग एवम् दिगो व्यस्थापन गर्न, वातावरण र विकास बीच उपयुक्त सन्तुलन कायम गर्न र प्राकृतिक, धार्मिक तथा ऐतिहासिक सम्पदाको संरक्षण गर्न,

जैविक विविधता, जलाधार, जीवजन्तु, वनस्पति जस्ता प्राकृतिक श्रोत र साधनयुक्त तथा मौलिक साँस्कृतिक मूल्य, मान्यताको धनी यस गाउँपालिका क्षेत्रको वातावरण र भू-स्थितिको संरक्षण एवं पर्यापर्यटन प्रवर्द्धनको वृहत्तर सम्भावनालाई मूर्तरुप दिन, यस गाउँपालिका क्षेत्रको सामाजिक तथा साँस्कृतिक मूल्य र मान्यताको संरक्षण र प्रवर्द्धन गर्न तथा दिगो विकासको अवधारणालाई केन्द्र बिन्दुमा राखी यस क्षेत्रको पर्यावरण स्वच्छ, सफा र सुरक्षित राख्ने लक्ष्य पूरा गर्न,

पूर्वाधार विकासमा पर्यावरण उपर हानी नोक्सानी पुऱ्याउने अत्याधुनिक उपकरणहरुको प्रयोगलाई निरुत्साहित गर्दै यस गाउँपालिका क्षेत्रलाई न्यून कार्बनमुखी, प्राङगारिक एवं स्वच्छ वातावरणमैत्री पर्यापर्यटकीय महत्वको क्षेत्रको रुपमा विकास गरी यस क्षेत्रको समग्र आर्थिक स्तरोन्नतिमा सहयोग पुऱ्याउन,

छथर जोरपाटी गाउँपालिकामा उपलब्ध जैविक विविधता, जलाधार, जीवजन्तु, वनस्पति जस्ता प्राकृतिक श्रोत र साधनको संरक्षण गर्न, परापूर्व कालदेखि बसोबास गर्ने प्रकृति पूजक आदिबासी समुदायको मौलिक रिती स्थिति, रहन सहन, प्रथा, परम्परा तथा संस्कृतिको जगेर्णा गर्दै जैविक साँस्कृतिक सम्पदा प्रवर्द्धन गर्नको लागि समेत आवश्यक कार्य संचालन, व्यवस्थापन तथा नियमन गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा ५७ को उपधारा ४, धारा २२१ बमोजिम अनुसूची ८ र अनुसूची ९ मा उल्लेखित वातावरण, प्राकृतिक स्रोत र जैविक विविधता सम्बन्धी स्थानीय तहको अधिकार कार्यन्वयनका लागि कानुनी व्यवस्था गर्न तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी छथर जोरपाटी गाउँपालिकाको .........औं गाउँसभाले यो ऐन बनाएको छ ।

### परिच्छेद- १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम छथर जोरपाटी गाउँपालिकाको "स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक श्रोत व्यवस्थापन सम्बन्धी ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन छथर जोरपाटी गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित गरेको मिति देखि प्रारम्भ हुनेछ ।

अध्यक्ष

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

क. अनुकुलन - भन्नाले जलवायु परिवर्तनको असर र सम्भाव्य जोखिमको आँकलन गरी परिवर्तित जलवायू सुहाउँदो अनुकुल हुने गरी रुपान्तरण गर्ने तथा थप हानी नोक्सानी रोकथाम वा न्यूनिकरण गर्ने कार्य सम्झनु पर्छ ।

ख. "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

ग. "उपाध्यक्ष" भन्नाले छथर जोरपाटी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ

घ. "उत्सर्जन" भन्नाले कुनै निश्चित क्षेत्रबाट निश्चित समय अवधिमा वातावरणमा हरितगृह ग्याँस वा अन्य कुनै ग्याँस वा धुवाँ निष्कासन गर्ने कार्य सम्झनु पर्छ ।

ङ. "ऐन" भन्नाले स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी ऐन, २०८० सम्झनु पर्छ ।

च. "कार्यपालिका" भन्नाले छथर जोरपाटी गाउँ कार्यपालिका सम्झनु पर्छ ।

छ. "खुल्ला क्षेत्र" भन्नाले मानिसहरु जमघट हुन सक्ने, विभिन्न कार्यक्रम र पर्व मनाउन सक्ने, सार्वजनिक हित तथा विपद् व्यवस्थापनमा समेत सहयोग पुग्ने गरी सुरक्षित गरिएको खुल्ला स्थल सम्झनु पर्छ।

ज. "गाउँपालिका" भन्नाले छथर जोरपाटी गाउँपालिका सम्झनु पर्छ ।

झ. "जलवायू परिवर्तन" भन्नाले लामो समयको अन्तरालमा प्राकृतिक रुपमा हुने जलवायूको उतारचढाबका अलावा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मानवीय क्रियाकलापले वायुमण्डलको बनोटमा हुने फेरबदलका कारण पृथ्वीको जलवायूमा क्रमशः देखा पर्ने परिवर्तन सम्झनु पर्छ ।

ञ. "जैविक विविधता" भन्नाले पारिस्थितिकीय प्रणाली (इको सिस्टम) को विविधता, प्रजातीय विविधता (स्पेसिज डाइभरसिटी) तथा वंशाणुगत विविधता (जेनेटिक डाइभरसिटी) सम्झनु पर्छ ।

ट. "जोखिमपूर्ण फोहोर" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने र मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानी नोक्सानी पुऱ्याउने विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ तथा रेडियो विकिरणलाई सम्झनु पर्छ ।

ठ. "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम,नियमावली कार्यविधि तथा निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

ड. "निष्काशन" भन्नाले ध्वनि, ताप वा फोहोरमैला फाल्ने, थुपार्ने, वा निष्काशन गर्ने कार्य सम्झनु पर्छ ।

ढ. "जलाधार" भन्नाले वर्षा र हिउँलाई सेचन गरे पछीको पानीलाई एक साझा जल निकाय (सिमसार, खोला, नदी वा ताल) मा भण्डारण, फिल्टर वा निकास गर्ने जमिनको क्षेत्रलाई सम्झनु पर्छ र सो शब्दले जलमार्ग, जलाशायलाई समेत जनाउनेछ ।

छथर जोरपाटी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोरपाटी, धनकुटा
२०७३

अध्यक्ष

ण. "प्रदुषण" भन्नाले फोहोर मैला रसायन, तांप, ध्वनी, विद्युतीय चुम्बकीय तरंग वा रेडियो विकिरणका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास वा वातावरण को लाभदायका परिवा ल्याउने, क्षति पुन्याउने वा वातावरणको उपयोगी प्रयोजनमा हानी नोक्सानी पुन्याउने क्रियाकलाप सम्झनु पर्छ ।

त. "कोष" भन्नाले दफा ४९ बमोजिमको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोष सम्झनु पर्छ ।

थ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

द. "प्रस्ताव" भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको स्थानीय सरकार वा स्थानीय कानून बमोजिम संचालन गरिने वा अनुमति प्राप्त विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ ।

ध. "प्रस्तावक" भन्नाले प्रस्तावको स्वीकृतिको लागि निवेदन दिने र त्यस्तो प्रस्ताव कार्यान्वयन स्वीकृति प्राप्त व्यक्ति, फर्म, सामुदायिक वन उपभोक्ता समूह, कम्पनी, सरकारी, अर्ध सरकारी गैर सरकारी निकाय वा संस्था सम्झनु पर्छ ।

न. "पर्यापर्यटक" भन्नाले पर्यटकीय उद्देश्यले प्रकृतिको मनोरञ्जन लिने वा प्रकृति र जैविक विविधता संरक्षणका निमित्त वातावारणीय खोज अनुसन्धानका लागि आउने स्वदेशी, विदेशी तथा गैर आवासीय नेपाली नागरिकलाई सम्झनुपर्दछ ।

प. "फोहोरमैला" भन्नाले घरेलु औधोगिक, रासायनिक, स्वास्थ्य संस्था जन्य, फोहोर मैला वा हानिकारक फोहोर मैला शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेको, फालिएको वा सडेगलेको वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएको । तरल, ठोस, ग्याँस, लेदो, धुँवा, विद्युतिय सूचना प्रविधिमा प्रयोग भएका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनाधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएको पोष्टर पम्पलेट प्लाष्टिक र कागजका टुक्राहरु तथा कार्यपालिकाले समय समयमा सूचना प्रकाशन गरी फोहोर मैला भनि तोकि दिएको अन्य वस्तु समेत लाई सम्झनु पर्छ ।

फ. "वडा समिति" भन्नाले गाउँपालिकाको वडा समिति सम्झनु पर्छ ।

ब. "परिषद" यस ऐनको दफा ५० बमोजिम गठन भएको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिपद सम्झनु पर्छ ।

भ. "वन" भन्नाले पूर्ण वा आंशिक रुपमा रुख वा बुटयानले ढाकिएको वन सम्बन्धी प्रचलित कानुनले [illegible] कबुलियती वन क्षेत्र सम्झनु पर्छ र सो शब्दले सामुदायिक

वन लगायतका समुदायमा आधारित वन र प्रयार्जनित संस्थाले परंपरागत रुपमा व्यवस्थापन गर्दै आएका प्रयार्जनित वन र निजी वनलाई समेत जनाउँछ ।

म. "वन पैदावार" भन्नाले वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका देहायका पैदावार सम्झनु पर्छ:-

अ) काष्ठ पैदावार,

आ) गैरकाष्ठ वन पैदावार, वा

इ) चट्टान, माटो नदीजन्य र खनिजजन्य पदार्थ ।

ई) काठ, दाउरा , खैरकथ, खोटो, काठको तेल, बोक्रा, धौस, लाहा, पिपला पिपली ।

उ) रुख, बिरुवा पात, …, फल, फूल भूवा, जरा गानो, बोक्रा, गमरजीन, लोहबान, जङ्गली जडिबुटी,

ऊ) गैरकाष्ठ वन पैदावर जङ्गली मह, वनस्पति तथा खर बादियो, भरला, माक्राको पाता लोक्ता, अल्लो, सिस्नुको बोक्रा ।

ऋ) चट्टान, माटो, चुन ढुङ्गा, ढुङ्गा, गिटी बालुवा, सिलेट वा अन्य खनिज जन्य पदार्थ ।

ए) वन्य जन्तु, पशु पन्छी वा वन्य जन्तुको चर्म रोकुप, सुक्ष्म

य. "वातावरण" भन्नाले जलाधार लगायतका प्राकृतिक, सांस्कृतिक, सामाजिक प्रणालीहरु, आर्थिक तथा मानवीय क्रियाकलापहरु र यीनको अवयवहरु तथा ती अवयवहरुको बीचको अन्तरक्रिया तथा अन्तर सम्बन्ध सम्झनु पर्छ ।

र. "वातावरणीय अध्ययन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनिकरण गर्नको लागि अवलम्बन गरिने उपायका सम्बन्धमा गरिने संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण सम्झनु पर्छ ।

ल. "सिमसार" भन्नाले भूमिगत जलस्रोत वा वर्षातका कारण पानीको परिणाम रहने वा प्राकृतिक वा मानव निर्मित, स्थायी वा अस्थायी जमेका वा बगेका, स्वच्छ वा नुनिलो पानी भएको धापिलो जमिन, दलदले जमिन, नदीबाट प्रभावित जमिन, ताल, पोखरी, जलभण्डार क्षेत्र तथा यहि प्रकृतिका कृषि जमिन समेतलाई सम्झनु पर्छ ।

व. "विशेष क्षेत्र" भन्नाले यस ऐनको दफा ४ बमोजिम निर्धारण हुने विशेष क्षेत्र सम्झनु पर्छ ।

श. "स्थानीय संघसंस्था" भन्नाले स्थानीय समुदायले आफ्नो क्षेत्रको प्राकृतिक स्रोत र यस सम्बद्ध सामाजिक-सांस्कृतिक अभ्यासको संरक्षण र सदुपयोग समेतको उद्देश्यले प्रचलित कानुन बमोजिम फर्म सामुदायिक वन उपभोक्ता समूह कम्पनी स्थापना गरी सञ्चालन गर्दै आएको गैर सरकारी संघ संस्था र परम्परागत संस्था समेतलाई सम्झनु पर्छ ।



अध्यक्ष

ष. "सभा" भन्नाले गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

स. "सम्पदा" भन्नाले गाउँपालिका क्षेत्र भित्र रहेका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, वैज्ञानिक, आध्यात्मिक, सौन्दर्यपरक वा प्रथाजनित र सामाजिक दृष्टिबाट महत्वपूर्ण मानिने कुनै पनि वस्तु, भौतिक संरचना, स्थान, वनस्पति तथा जीवजन्तु सम्झनु पर्छ ।

ह. "संरक्षण" भन्नाले वातावरण, जैविक विविधता तथा सम्पदाको सुरक्षा, स्याहार, सम्भार, सम्वर्द्धन, व्यवस्थापन तथा सदुपयोग सम्झनु पर्छ ।

क्ष. "सामुदायिक वन" भन्नाले वन सम्बन्धी प्रचलित कानुनको अधिनमा रही संघीय तथा प्रादेशिक वन ऐन बमोजिम स्थानीय उपभोक्ता समूहलाई सामुदायिक वनको रुपमा हस्तान्तरण गरिएको वनलाई सम्झनु पर्छ ।

## परिच्छेद २

## वातावरण संरक्षण सम्बन्धी व्यवस्था

३. **वातावरण संरक्षण गर्नु पर्ने :** (१) आफ्नो क्षेत्राधिकार भित्र वातावरण संरक्षण गर्ने प्रमुख जिम्मेवारी गाउँपालिकाको हुनेछ ।

(२) वातावरण संरक्षण, प्रवर्द्धन र वातावरणमैत्री समाज निर्माणमा योगदान गर्नु सबै नागरिकको कर्तव्य हुनेछ ।

४. **वातावरण संरक्षण विशेष क्षेत्र निर्धारण गर्न सक्ने :** (१) प्रचलित भू-उपयोग सम्बन्धी कानून समेतलाई मध्यनजर गरी गाउँपालिका भित्र जैविक, सांस्कृतिक सम्पदा, जलाधार र पर्यावरणको दृष्टिकोणले संरक्षण गर्न आवश्यक रहेको क्षेत्र पहिचान गरी त्यस्तो क्षेत्रलाई कार्यपालिकाबाट निर्णय गरी जैविक-सांस्कृतिक सम्पदा, जलाधार लगायत वातावरण संरक्षण सम्बन्धी विशेष क्षेत्र निर्धारण गर्न सक्नेछ ।

(२) कुनै सडक, भवन, नदी व्यवस्थापन वा अन्य कुनै भौतिक पूर्वाधार निर्माण गर्दा निर्माण कार्यले वातावरण नोक्शान हुन सक्ने जोखिम रहेमा सो निर्माण कार्यको प्रारम्भिक अध्ययन प्रक्रिया शुरु हुनु अगाडि नै संघ र प्रदेशका सम्बन्धित निकायसंग समन्वय गरी कार्यपालिकाले कुनै क्षेत्र विशेषलाई वातावरण संरक्षण गर्ने उद्देश्यले खुल्ला वा हरियाली क्षेत्रको रुपमा तोक्न सक्नेछ ।

(३) कुनै क्षेत्र वा स्थान विशेषमा अत्यधिक वातावरणीय प्रदूषण, भू:स्खलन, प्राकृतिक सम्पदाको अत्यधिक दोहन वा प्राकृतिक विपत्ति हुन गई जनस्वास्थ्य वा वातावरणमा नकारात्मक प्रभाव परेको वा पर्ने सम्भावना देखिएको अवस्थामा कार्यपालिकाले प्रदेश सरकार र नेपाल सरकारसँग समन्वय गरी त्यस्तो क्षेत्र वा स्थानलाई वातावरणीय दृष्टिले संवेदनशील क्षेत्र तोक्न सक्नेछ ।

जोरपाटी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोरपाटी, धनकुटा २०७२

अध्यक्ष

७. वातावरणीय अध्ययन गर्नु पर्ने : (१) वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून तथा मापदण्ड बमोजिम प्रस्तावकले वातावरणमा प्रभाव पार्ने विकास निर्माण सम्बन्धी प्रस्तावको वातावरणीय अध्ययन गर्नु पर्नेछ ।

(२) प्रस्तावकले गाउँपालिकाको अधिकारक्षेत्र भित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना योजना सम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन अध्यापन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय प्रतिवेदन तयार गरी पेश गर्नु पर्ने छ । तत सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको संक्षिप्त, वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृतिको लागि कार्यपालिकाले तोकेको सम्बन्धित शाखा वा निकाय वा समिति गाउँ कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

(३) प्रस्तावकले उपदफा (२) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्ने क्रममा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव र त्यसको न्यूनिकरणको लागि अपनाउन सकिने विभिन्न विकल्पहरूको विस्तृत विश्लेषण गरी त्यस्ता विकल्प मध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारण सहित सिफारिस गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृति सम्बन्धी प्रक्रिया नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) उपदफा (२) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयनबाट वातावरणमा प्रतिकूल प्रभाव पार्ने नदेखिएमा कार्यपालिकाले तोकेको निकायले आवश्यकता अनुसार प्रस्तावकले पालना गर्नु पर्ने शर्त तोकी त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नेछ ।

(६) कार्यपालिकाले तोकेको निकायले उपदफा (२) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावको थप वातावरणीय अध्ययन गर्न पर्ने देखिएमा वातावरणीय मूल्याङ्कन गर्न गराउन आदेश दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम दिइएको आदेश बमोजिम प्रस्तावकले थप अध्ययन गरी सोको प्रतिवेदन नेपाल कानूनले तोकेको निकाय समक्ष पेश गर्नु पर्नेछ ।

(८) यस ऐन बमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पूर्व सम्बन्धित निकायबाट कार्यसूची स्वीकृत गर्नु पर्नेछ ।

(९) वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी अन्य व्यवस्था प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम हुनेछ ।

(१०) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिका आँफै प्रस्तावकको रुपमा संलग्न भएको अवस्थामा त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन प्रदेश कानून बमोजिम प्रदेशस्तरको निकायबाट स्वीकृत गराउनु पर्नेछ ।

छथर जोरपाटी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोरपाटी, धनकुटा २०७३

प्रमाणित



Scanned with CamScanner

८. मापदण्ड र गुणस्तर कायम गर्नु पर्ने: प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड एवं गुणस्तर कायम हुने गरी संघीय वातावरण कानूनमा निर्धारित ढाँचामा तयार गर्नु पर्नेछ ।

९. वातावरणीय व्यवस्थापन योजना तयार गर्नु पर्ने : (१) प्रस्तावकले प्रस्ताव कार्यान्वयन गर्नु अगाडि संघीय वातावरण कानूनमा निर्धारण गरिए अनुसार वातावरणीय व्यवस्थापन योजना तयार गर्नु पर्नेछ ।

(२) प्रस्तावकले उपदफा (१) बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्दा वातावरणीय प्रतिकूल प्रभाव न्यूनिकरणका उपायहरू मध्ये कुन कुन उपायहरू आयोजना निर्माणको क्रममा र कुन कुन उपायहरू आयोजना सम्पन्न भए पछि वा आयोजना कार्यान्वयनको क्रममा अवलम्बन गर्ने हो । समेत उल्लेख गर्नु पर्नेछ ।

(३) प्रस्तावकले उपदफा (१) बमोजिम तयार गरेको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनका लागि स्पष्ट कार्ययोजना बनाई प्रभावित स्थानीय समुदायका फर्म, कम्पनी, सामाजिक संघ संस्था उपभोक्ता समूहहरु मार्फत कार्यान्वयन गर्नु पर्नेछ र सो को प्रगति विवरण आयोजना कार्यान्वयन शुरू भए पछि प्रत्येक छ महिनामा गाउँ कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

१०. प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न नहुने : यो ऐन प्रारम्भ भएपछि कसैले पनि कार्यपालिकाले तोके बमोजिम प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न गराउनु हुँदैन ।

११. प्रस्ताव सम्बन्धी अन्य व्यवस्था : (१) वातावरणीय प्रभाव मूल्यांकन हुने प्रस्तावहरु सम्बन्धी कार्यविधि प्रचलित संघीय तथा प्रादेशिक कानून बमोजिम हुनेछ ।

(२) संघीय तथा प्रादेशिक कानून बमोजिम वातावरणीय परीक्षण वा वातावरणीय प्रभावे मूल्यांकन सम्बन्धमा सम्बन्धित संघीय तथा प्रादेशिक निकायसँग समन्वय गर्ने जिम्मेवारी गाउँपालिकाको [ वातावरण शाखा ] को हुनेछ ।

१२. रोक लगाउन सक्ने : (१) कसैले पनि यस ऐन र प्रचलित कानूनले तोके बमोजिमको निकायबाट स्वीकृति नलिई वा स्वीकृति भए भन्दा विपरीत हुने गरी कार्यान्वयन गरेमा कार्यपालिकाले त्यस्तो प्रस्ताव कार्यान्वयनमा रोक लगाउन वा रोक लगाउनको लागि प्रदेश सरकार तथा संघीय मन्त्रालय वा स्वीकृत गर्ने निकायमा सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्न रोक लगाइएकोमा त्यसरी रोक लगाइएको कारणबाट क्षति पुग्न गएमा प्रस्तावकले सो बापत कुनै किसिमको क्षतिपुर्तिको लागि दाबी गर्न पाउने छैन ।

१३. अनुकूलन योजना बनाउन सक्ने : (१) जलवायु परिवर्तनको प्रतिकूल असर न्यूनिकरण र सम्भावित जोखिमबाट बचनका लागि कार्यपालिकाले आफै वा कार्यपालिको सहयोगमा स्थानीय- समुदायले अनुकूलन योजना बनाई कार्यान्वयन गर्न सक्नेछन ।

गाउँ कार्यपालिकाको कार्यालय जोरपाटी, धनकुटा २०७२

अध्यक्ष



Scanned with CamScanner

(२) उपदफा (१) बमोजिमको अनुकुलन योजना बनाउँदा जलवायु परिवर्तनको असरबाट बढी जोखिममा पर्ने आदिवासी जनजाति, दलित, महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदायलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

(३) कार्यपालिकाले विकास आयोजना तर्जुमा गर्दा जलवायु परिवर्तनको प्रतिकूल असर तथा जोखिमको व्यवस्थापन गर्ने प्रयोजनको लागि नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम जोखिममा परेका समुदाय र जोखिम क्षेत्रको प्राथमिकीकरण गर्नुपर्नेछ ।

१४. **हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण कार्यहरू गर्न सक्ने** : (१) गाउँपालिकाले हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण गर्न फर्म, सामुदायिक वन उपभोक्ता समूह कम्पनी मार्फत आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) हरितगृह ग्याँस उत्सर्जन न्यूनिकरण सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

१५. **प्रदूषण रोकथाम तथा नियन्त्रण गर्ने** : (१) कसैले पनि प्रचलित मापदण्ड विपरीत वा जनजीवन, जन-स्वास्थ, वातावरण र संरक्षेण क्षेत्रमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने गरी प्रदूषण सृजना गर्न, गराउन हुँदैन ।

(२) तोकिएको मापदण्ड विपरीत कुनै यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान, होटल रेष्टुरेण्ट वा अन्य ठाउँ वा मालसामान वा वस्तुबाट ध्वनि, ताप, रेडियोधर्मी विकिरण, तरङ्ग वा फोहोरमैला वा दुषित पानी निष्काशन गर्न, गराउन हुँदैन ।

(३) उपदफा (१) र (२) विपरीत कसैले कुनै कार्य गरी वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पारेको देखिएमा गाउँपालिकाले तत् सम्बन्धमा आवश्यक शर्तहरु तोक्न वा त्यस्तो कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

(४) कुनै किसिमको पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोगबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव परेको वा पर्ने देखिएमा प्रदेश र संघीय सरकारलाई सो को जानकारी गराई गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोग, उत्पादन, बिक्री वितरण, भण्डारणमा बन्देज लगाई आवश्यक कारवाहीका लागि सिफारिस गर्न सक्नेछ ।

(५) प्रदूषणको रोकथाम तथा नियन्त्रण सम्बन्धी अन्य व्यवस्था प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

१६. **प्रयोगशाला स्थापना गर्न सक्ने** : (१) वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी कार्यमा सहयोग पुऱ्याउन गाउँपालिकाले संघीय सरकार, र प्रदेश सरकारसँग समन्वय गरी आवश्यकता अनुसार विभिन्न प्रयोगशालाहरु स्थापना गर्न वा संघ र प्रदेशले स्थापना गरेका वा नेपाल सरकारले मान्यता दिएको कुनै प्रयोगशालालाई सो कामको लागि तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिएका वा तोकिएका प्रयोगशालाको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१७. नमुना संकलन गर्न दिनु पर्ने : कुनै पनि उद्योग, कारखाना, यन्त्र, सवारी साधन आदिबाट सृजना वा निष्काशन हुने वा हुन सक्ने प्रदूषण, ध्वनि, ताप तथा फोहोरमैलाको अध्ययन, परीक्षण वा विश्लेषण गर्नका लागि सम्बन्धित व्यक्ति वा संस्थाले गाउँपालिकाबाट अधिकारप्राप्त व्यक्ति वा संस्थालाई आवश्यकता अनुसार त्यस्ता वस्तु वा पदार्थको नमूना संकलन गर्न दिनु पर्नेछ ।

१८. वातावरण निरीक्षकको नियुक्ति गर्न सक्ने : (१) गाउँपालिकाभित्र प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने तथा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन अनुसार गर्नुपर्ने कामहरू प्रभावकारी रूपले गर्न गराउन, वातावरण संरक्षण सम्बन्धी प्रचलित मापदण्डको पालना भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्न कार्यपालिकाले नेपाल सरकारबाट मान्यताप्राप्त शैक्षिक संस्थाबाट वन, वातावरण वा सोसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक हासिल गरेको व्यक्तिलाई प्रचलित कानून बमोजिम निर्धारित मापदण्ड र प्रक्रिया पुरा गरी वातावरण निरीक्षक नियुक्त गर्न सक्नेछ । शाखादश

(२) उपदफा (१) बमोजिमको निरीक्षक नियुक्त नगरेको अवस्थामा उक्त कार्यहरु गर्नका लागि गाउँपालिकाले आफ्नो सम्बन्धित शाखाका कर्मचारीलाई तोक्न सक्नेछ ।

१९. वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार : (१) वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा प्रचलित संघीय र प्रदेश कानून तथा मापदण्ड बमोजिम प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने कार्य भए नभएको निरीक्षण गर्ने,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा प्रचलित कानून र मापदण्ड विपरीत कुनै ठाउँबाट प्रदूषण निष्काशन सम्बन्धी नकरात्मक कार्य गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने,

(ग) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएका सर्त बमोजिम काम भए नभएको सम्बन्धमा स्थलगत जाँचबुझ तथा निरीक्षण गर्ने,

(घ) खण्ड (क), (ख) र (ग) बमोजिम गरिएको जाँचबुझ तथा निरीक्षण प्रतिवेदन तोकिएको अधिकारी समक्ष पेश गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिम निरीक्षण गर्ने सिलसिलामा वातावरण निरीक्षकले सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकलाई पूर्व सूचना दिई कुनै घर, जग्गा, भवन, कारखाना, उद्योग, सवारी साधन, औद्योगिक संयन्त्र, औजार, मेशिनरी, जीव, वस्तु, अभिलेख, कागजात वा अन्य मालसामान वा वस्तुहरुको निरीक्षण, परीक्षण वा जाँचबुझ गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निरीक्षणको सिलसिलामा वातावरण निरीक्षकले माग गरेको विवरण वा जानकारी उपलब्ध गराई आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकको कर्तव्य हुनेछ

(४) वातावरण निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।



जोरपाटी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोरपाटी, धनकुटा २०७३
अध्यक्ष

**२०. वातावरण संरक्षण योजना तर्जुमा गर्ने :** (१) गाउँपालिकाले वातावरण, जलाधार तथा जैविक विविधता संरक्षण सम्बन्धी आवधिक योजना तर्जुमा तथा कार्यान्वयन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम योजना तर्जुमा गर्दा वातावरण, जलाधार तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन, दीगो उपयोग र सोको स्रोतहरूको परम्परागत र स्थानीय अभ्यासहरूलाई समेत समावेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको योजना बनाउँदा तथा कार्यान्वयन गर्दा आदिवासी जनजाति, दलित, महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदायलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

(४) वातावरण संरक्षण योजनामा समावेश गर्नु पर्ने अन्य विषयवस्तु प्रचलित नेपाल कानूनमा तय गरे बमोजिम हुनेछ ।

**२१. सहुलियत तथा सुविधा प्रदान गर्न सक्ने :** वातावरण तथा जैविक विविधता संरक्षणमा सकारात्मक प्रभाव पार्ने कुनै उद्योग, व्यवसाय, प्रविधि वा प्रक्रियालाई प्रोत्साहित गर्न कानून बमोजिम प्रदान गरिएका सहुलियत तथा सुविधाको अतिरिक्त गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी सहुलियत तथा सुविधा प्रदान गर्न सक्नेछ ।

अध्यक्ष

## परिच्छेद -३

## फोहरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

२२. **फोहरमैलाको प्रबन्ध गर्ने दायित्व :** (१) फोहरमैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र (ट्रान्सफर स्टेशन), ल्याण्डफिल साइट, प्रशोधन प्लाण्ट, बायो ग्यास प्लाण्ट लगायत फोहरमैलाको संकलन, अन्तिम बिसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ ।

(२) फोहरमैला संकलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको फोहरमैला प्रबन्ध गर्ने वा कुनै पनि किसिमबाट प्रयोग गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ ।

(३) यस दफाको प्रयोजनको लागि फोहरमैला संकलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको कुनै पनि पदार्थ फोहरमैला मानिनेछ ।

२३. **फोहरमैला व्यवस्थापन गर्ने दायित्व:** (१) गाउँपालिका भित्रको फोहरमैला व्यवस्थापन गर्ने गराउने दायित्व कार्यपालिकाको हुनेछ ।

(२) उपदफा (१) जुनसुकै कुरा लेखिएको भए तापनि हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला वा औद्योगिक फोहरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ ।

(३) कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला रासायनिक फोहरमैला तथा औद्योगिक फोहरमैला प्रशोधन गरी बाँकी रहेको फोहरमैला तथा अन्य फोहरमैलाको व्यवस्थापन गरीदिन कार्यपालिकालाई अनुरोध गरेमा वा कार्यपालिकाले निर्धारण गरेको फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न माग गरेमा कार्यपालिकाले निर्धारण गरे बमोजिम सेवा शुल्क लिई फोहरमैलाको व्यवस्थापन गरिदिन वा फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ ।

(४) कार्यपालिकाले सामुदायिक सरसफाई सम्बन्धी निर्देशिका बनाई लागू गर्नेछ ।

(५) फोहरमैला व्यवस्थापनले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परिक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य अधिकारीसँग हुनेछ ।

(६) जाँच परिक्षणमा कुनै निकायमा फोहरमैला व्यवस्थापन प्रभावकारी हुन नसकी मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको भेटिएमा कार्यपालिकाले उक्त निकायलाई समयमै सचेत गराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गर्नेछ ।

२४. **फोहरमैला उत्पादन कम गर्ने:** (१) गाउँपालिका भित्र कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पादन हुने फोहरमैला यथाशक्य कम गर्नु पर्नेछ ।

(२) "आफ्नो क्षेत्र" भित्र विसर्जन हुन सक्ने फोहरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहरमैला मात्र निष्काशन गरी फोहरमैलाको परिणामलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

स्पष्टिकरण: "आफ्नो क्षेत्र" भन्नाले गाउँपालिका भित्रको निजी घर कम्पाउण्ड, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसर लगायत फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको परिसरलाई सम्झनु पर्छ ।

२५. फोहरमैला पृथकीकरण : (१) कार्यपालिकाले फोहरमैलालाई तोकिए बमोजिम जैविक, अजैविक र अन्य प्रकारमा विभाजन गरी सो फोहरमैलालाई स्रोतमै छुट्याउने गरी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिदिए बमोजिम फोहरमैला स्रोतमै छुट्याई संकलन केन्द्रसम्म पुऱ्याउने दायित्व त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि कार्यपालिकाले आवश्यक प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदि उपलब्ध गराउन सक्नेछ ।

२६. फोहरमैलाको निष्काशन : (१) फोहरमैला निष्काशनको समय, स्थान र तरिका कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ ।

(३) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला संकलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गर्न पाइने छैन ।

२७. फोहरमैला व्यवस्थापन केन्द्र : (१) कार्यपालिकाले फोहरमैलालाई व्यवस्थित रुपमा संकलन गर्न प्रत्येक टोल वा वस्तीमा संकलन केन्द्र तोकी आवश्यक कण्टेनरको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संकलन केन्द्र तोक्दा यथाशक्य टोल वा वस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोक्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको संकलन केन्द्रमा फोहरमैला निष्काशन र संकलन गर्ने समय र तरिका कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

२८. जोखिमपूर्ण फोहरको व्यवस्थापन : (१) कुनै जोखिमपूर्ण फोहरको संकलन, भण्डारण, प्रशोधन, बिक्री वितरण, विसर्जन वा ओसार पसार गर्दा उत्पादक वा सञ्चालकले जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर नपर्ने गरी उचित व्यवस्थापन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जोखिमपूर्ण फोहरको व्यवस्थापन गर्दा उत्पादक वा सञ्चालकले आफ्नै खर्चमा व्यवस्थापन गर्नु पर्नेछ ।

(३) जोखिमपूर्ण फोहर व्यवस्थापन सम्बन्धी अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

२९. फोहरमैलाको न्यूनिकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोग : (१) कार्यपालिकाले फोहरमैला न्यूनिकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोगलाई प्रोत्साहन गर्ने आवश्यक कार्य गर्नेछ र यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

जोरपाटी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोरपाटी, धनकुटा २०७२

अध्यक्ष

(२) उद्योग उत्पादन प्याकिङ्ग गर्न प्रयोग गरेको वस्तुलाई पुनः प्रयोग गरी फोहरमैलाको परिणामलाई घटाउने काममा प्रोत्साहन गर्न सम्बन्धित उद्योगसँग कार्यपालिकाले समन्वय गर्न सक्नेछ ।

३०. **अनुमति सम्बन्धी व्यवस्था :** (१) यस ऐन बमोजिम कार्यपालिकाको अनुमति नलिई कसैले पनि फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन सक्नेछैन ।

(२) फोहरमैला व्यवस्थापन गर्न चाहिने स्वदेशी वा विदेशी कम्पनी, संस्था फर्म वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि कार्यपालिकामा निवेदन दिनु पर्नेछ :-

क) फोहरमैला व्यवस्थापन सम्बन्धी योजना,

ख) फोहरमैला व्यवस्थापन सम्बन्धी आवश्यक जनशक्ति तथा प्रविधिको विवरण,

ग) तोकिए बमोजिमको अन्य विवरण ।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर कार्यपालिकाले आवश्यक जाँचबुझ गरी अनुमतिपत्र दिन सक्नेछ ।

(४) फोहरमैलाको व्यवस्थापन, पुनः चक्रिय प्रयोग, प्रशोधन र विसर्जनमा आवश्यक पर्ने प्रविधि स्वदेशमा उपलब्ध हुन नसक्ने देखिएमा त्यस्तो प्रविधि उपलब्ध गराउन सक्ने कुनै विदेशी कम्पनी, संस्था फर्म वा निकायलाई सम्झौतामा उल्लेखित अवधिभित्र त्यस्तो प्रविधि हस्तान्तरण गर्ने शर्तमा नेपाल सरकारको स्वीकृति लिई कार्यपालिकाले उपदफा (३) बमोजिम अनुमतिपत्र दिन सक्नेछ ।

(५) अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३१. **फोहरमैला व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नता :** (१) कार्यपालिकाले आवश्यकता अनुसार यस ऐन बमोजिम अनुमति प्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट तोकिए बमोजिम प्रतिस्पर्धा गराई आफ्नो क्षेत्रको फोहरमैला व्यवस्थापन गराउन सक्नेछ

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापन गर्दा निजी क्षेत्रका कम्पनीको हकमा देहायका सबै वा कुनै र सामुदायिक एवं गैरसरकारी संघ, संस्थाको हकमा देहायको कुनै काम गराउन सकिनेछः-

क. फोहरमैलाको न्यूनिकरणका लागि जनचेतना अभिवृद्धि,

ख. फोहरमैला संकलन,

ग. फोहरमैला ढुवानी,

घ. फोहरमैलाको प्रयोग, पुनः प्रयोग, पुनः चक्रिय प्रयोग वा प्रशोधन,

ङ. फोहरमैला विसर्जन,

च. बन्द पश्चात् व्यवस्थापन ।

३२. **प्रतिस्पर्धा गराई फोहरमैला व्यवस्थापनको जिम्मा दिने :** (१) कार्यपालिकाले यस ऐन बमोजिम निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहरमैला व्यवस्थापन गराउँदा बोलपत्र आहान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा दिनु पर्नेछ ।

छथर जोरपाटी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोरपाटी, धनकुटा २०७३

अध्यक्ष

Scanned with CamScanner

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापकको छनौट गर्दा देहायका आधारमा गर्नु पर्नेछ :-

क. कार्यपालिकालाई बुझाउन कबुल गरेको रकम,

ख. फोहरमैलाबाट ऊर्जा शक्ति उत्पादन गर्ने वा प्राङ्गारिक मल उत्पादन गर्ने क्षमता, पूँजी, प्रविधि र जनशक्तिको क्षमता

ग. आर्थिक तथा प्राविधिक क्षमता,

घ. फोहरमैला व्यवस्थापनमा अपनाउन प्रस्ताव गरिएको प्रविधिको दिगोपन तथा वातावरणीय प्रभाव न्यूनिकरण,

ङ. व्यवस्थापन करार गर्न प्रस्ताव गरिएको व्यवस्थापन शुल्क,

च. फोहरमैलाको प्रयोग, प्रशोधन वा पुनः प्रयोग गर्ने सम्बन्धमा भए कार्यपालिकालाई बुझाउन मञ्जुर गरिएको रोयल्टी ।

(३) बोलपत्र सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले कार्यपालिकासँग गरेको सम्झौताको अधीनमा रही शुल्क उठाउन सक्नेछ । (५) फोहरमैला व्यवस्थापनमा गैरसरकारी क्षेत्रको संलग्नता सम्बन्धी अन्य कुराहरु तोकिए बमोजिम हुनेछ ।

३३. **फोहरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालन गर्न स्वीकृति दिन सकिने :** (१) निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनका लागि फोहरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल वा अन्य संयन्त्र निर्माण गरी सञ्चालन गर्न स्वीकृति माग गरेमा वातावरण तथा अन्य प्रचलित कानूनको अधीनमा रही त्यस्तो संयन्त्र निर्माण तथा सञ्चालनका लागि कार्यपालिकाले स्वीकृति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापन संयन्त्रको निर्माण तथा सञ्चालन गर्दा तोकिएको वातावरणीय मापदण्डको पालना भए वा नभएको अनुगमन कार्यपालिकाले गर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुगमन गर्दा स्वीकृत मापदण्डको पालना गरेको नपाइएमा त्यस्तो मापदण्ड पालनाको लागि आवश्यक व्यवस्था गर्न समयावधि तोकिदिन सक्नेछ र सो समयावधिमा पनि मापदण्डको पालनाको लागि आवश्यक व्यवस्था नगरेमा त्यस्तो व्यक्ति वा कम्पनीको स्वीकृति कार्यपालिकाले तोकिए बमोजिम रद्द गर्न सक्नेछ ।

३४. **सार्वजनिक निजी साझेदारीमा फोहरमैला व्यवस्थापन गर्न सकिने :** (१) कार्यपालिकाले प्रचलित कानूनको अधीनमा रही निजी क्षेत्र, सामुदायिक वन उपभोक्ता समूह कम्पनी (सामुदायिक एवं गैरसरकारी संघ, संस्थासँगको साझेदारीमा फोहरमैला व्यवस्थापन कार्य गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक एवं गैरसरकारी संघ, संस्थासँगको साझेदारीमा फोहरमैला न्यूनीकरणको लागि जनचेतना अभिवृद्धि, फोहरमैला

जोरपाटी गाउँपालिका कार्यपालिकाको कार्यालय जोरपाटी, धनकुटा २०७५

अध्यक्ष

संकलन, ढुवानी, फोहरमैला व्यवस्थापन स्थलको बन्द पश्चात् व्यवस्था, उद्यान निर्माण र सौन्दर्यकरण जस्ता कार्य मात्र गर्न वा गराउन सकिनेछ

३५. सेवा शुल्क उठाउन सक्ने : (१) कार्यपालिकाले फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्कको निर्धारण फोहरमैलाको परिमाण, तौल तथा प्रकृति र तोकिए बमोजिमका अन्य कुराहरुको आधारमा कार्यपालिकाले गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको शुल्क कार्यपालिका आफैंले वा निजले तोकेको संस्था वा निकाय मार्फत् समेत उठाउन सक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा २६ बमोजिम फोहरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले कार्यपालिकासँग भएको सहमतिको आधारमा फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ ।

तर तोकिए बमोजिमका विपन्न वर्गलाई सेवा शुल्कमा तोकिए बमोजिम छूट दिइनेछ ।

(५) यस दफा बमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापन निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी कार्यपालिकाले एउटा छुट्टै शीर्षकमा राखी तोकिएको मापदण्डको अधीनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन प्रभावित क्षेत्रको विकासमा खर्च गर्नु पर्नेछ ।

## परिच्छेद-४

## जैविक विविधता संरक्षण सम्बन्धी व्यवस्था

३६. जैविक विविधताको संरक्षण गर्नु पर्ने : (१) गाउँपालिका क्षेत्र भित्रको जैविक विविधताको संरक्षण गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ ।

(२) गाउँपालिकाले जैविक विविधताको संरक्षण सम्बन्धी कार्यहरु सम्बन्धित क्षेत्रका सामुदायिक बन उपभोक्ता समूह, फर्म कम्पनी सरोकारवाला र स्थानीय संघ संस्था तथा कृषक समूह मार्फत गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम जैविक विविधताको संरक्षण सम्बन्धी कार्यक्रम गर्दा प्रचलित संघीय तथा प्रदेश कानून तथा मापदण्ड प्रतिकूल नहुने गरी देहाय बमोजिम गर्नु पर्नेछ,

क. कृषिजन्य जैविक विविधता संरक्षण:

१. विकासका कार्यक्रमहरु संचालन गर्दा कृषि जैविक विविधताको संरक्षणलाई विशेष महत्व दिने,

२. जैविक विविधता, वातावरण र मानव स्वास्थ्यमा नकारात्मक प्रभाव पार्न सक्ने जोखिम भएका जि.एम.ओ. तथा त्यसका उत्पादनलाई आवश्यकता अनुसार नियन्त्रण वा निषेध गर्ने,

गाउँ कार्यपालिकाको कार्यालय जोरपाटी ... २०७३
अध्यक्ष

३. कृषि पर्यावरणीय सेवाहरूको दिगो परिचालनको लागि परागसेचन तथा अन्य पर्यावरणीय सेवा प्रदान गर्ने जीवहरू सम्बन्धी अध्ययन, अनुसन्धान, अनुगमन गरी संरक्षणका कार्यक्रमहरू संचालन गर्ने,

४. समुदाय तथा आदिवासी समुदायको परम्परागत ज्ञान सीप र अभ्यासको संरक्षण र प्रवर्द्धन गर्ने,

५. रैथाने बिउ बिजन तथा बालीहरू संरक्षण तथा प्रवर्धन गर्ने ।

घ. सिमसार तथा पोखरी संरक्षण

(१) स्थानीय समुदाय र स्थानीय संघसंस्थाको सहभागितामा जीवहरूको हितका लागि आफ्नो क्षेत्रका सिमसार र पोखरीको पहिचान गर्दै सोको संरक्षण र व्यवस्थापन गर्ने,

(२) स्थानीय सामुदायिक सहभागितामा आधारित सिमसार तथा पोखरी व्यवस्थापनको माध्यमद्वारा सिमसारको स्रोतहरूमाथि समन्यायिक अवसर र पहुँच सुनिश्चित गर्दै बुद्धिमत्तापूर्ण प्रयोगको अवधारणालाई सार्थक तुल्याउने,

(३) आदिवासी जनजाति र स्थानीय समुदायलाई संलग्न गराउँदै सिमसार र रैथाने पोखरीको संरक्षण र व्यवस्थापनका कार्यहरूलाई प्रभावकारी बनाउने,

(४) वर्तमान र भावी पुस्ताको फाइदाका लागि प्राकृतिक स्रोत संरक्षण गर्ने स्थानीय समुदायको हित हुने खालका आर्थिक, सामाजिक र सांस्कृतिक विकासका कार्यक्रम संचालन गर्ने,

(५) सिमसारमा आश्रित संकटापन्न जीवजन्तु, जलचर, स्थानिक जङ्गली जनावर तथा अन्य जल आश्रित आनुवंशिक स्रोतको संरक्षण गर्ने,

(६) वातावरणीय असर न्यून हुने गरी सिमसार क्षेत्र र पोखरीहरूमा वातावरण अनुकूल पर्यापर्यटनको विकास गर्दै प्राप्त लाभलाई यथासम्भव सिमसारको व्यवस्थापन र स्थानीय जनसमुदायको हितमा परिचालन गर्ने,

(७) सिमसार तथा पोखरी संरक्षण र व्यवस्थापनका लागि तयार गरिने कार्ययोजनाहरूमा (आदिवासी (जनजाति र स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्ने,

(८) सिमसार क्षेत्र र पोखरीमा आश्रित आदिवासी जनजाति र स्थानीय समुदायको अनुभव, अभ्यास, सीप र ज्ञानको संरक्षण गर्दै सोही आधारमा सिमसारको संरक्षण र व्यवस्थापन गर्न प्रश्रय दिने तथा सिमसारबाट प्राप्त हुने लाभको न्यायोचित बाँडफाँडका लागि, आवश्यक व्यवस्था गर्ने,

(९) सिमसार र पोखरी व्यवस्थापनमा देखा पर्ने समस्याहरूको पहिचान गरी समुदाय स्तरमै समाधानको उपायहरूको खोजी गर्ने सामुदायिक सहमतिका आधारमा व्यवस्थापन कार्ययोजना बनाई लागू गर्ने गराउने,

(१०) सिमसार र पोखरी व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयनका लागि स्थापना हुने स्थानीय संघसंस्था र उपभोक्ता समूहमा सहभागितामूलक र समानुपातिक समावेशी

अध्यक्ष

प्रतिनिधित्व गराउन आवश्यक प्रवन्ध गर्ने, १० सिमसार आश्रित स्थानीय जन समुदाय लाई सिफसार बाद प्राप्त हुने लायको न्यायोचित बाँडफाट योचित को लागी आव

(११) सिमसार आश्रित स्थानीय जन समुदाय लाई सिमसारबाट प्राप्त हुने लाभको न्यायोचित बाँड फाँट लागि आवश्यक व्यवस्था गर्ने ।

ग. अन्य व्यवस्था:

जैबिक बिबिधता संरक्षण तथा र मापदण्ड बमोजिम हुनेछ अन्य व्यवस्था प्रचलित संघीय तथा प्रदेश कानून र मापपदण्ड बमोजिम हुनेछ ।

३७. **जैबिक बिबिधताको अभिलेखीकरण गर्नु पर्ने :** (१) गाउँपालिकाले सम्बन्धित निकाय, स्थानीय समुदाय वा स्थानीय संघसंस्था र अन्य सरोकारवाला संघ संस्थाको सहभागितामा आफ्नो क्षेत्राधिकार भित्र अवस्थित जैबिक विविधताको बस्तुस्थिति र विवरणको अभिलेखीकरण व्यवस्थित रुपमा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेखीकरण जैबिक बिबिधता सम्बन्धी निर्देशिका बनाई राष्ट्रिय मापदण्ड अनुरुप अद्यावधिक राख्ने जिम्मेबारी कार्यपालिकाको हुनेछ ।

(३) जैबिक बिबिधताको अभिलेखीकरण सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

३८. **आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, अभ्यास आदिको संरक्षण:** (१) जैबिक बिबिधताको सम्बन्धमा आदिवासी जनजाति वा स्थानीय समुदायको सामुहिक रुपमा रहेको परम्परागत ज्ञान, सीप, अभ्यास आदिको पहिचान, अभिलेखीकरण तथा संरक्षण गर्ने जिम्मेबारी कार्यपालिकाको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको परम्परागत ज्ञान, सीप, अभ्यासलाई संरक्षण र जीवन्त दिँदै भावि पुस्तामा हस्तान्तरण गर्दै लानको लागि सम्बन्धित स्थानीय संघसंस्था वा स्थानीय समुदायसंगको सहकार्यमा कार्यपालिकाले बिशेष योजना बनाई कार्यन्वयन गर्नेछ ।

(३) कार्यपालिकाले उपदफा (१) बमोजिमको अभिलेखीकरण संघीय कानूनमा निर्धारण गरिए बमोजिम व्यवस्थित रुपमा राख्नु पर्नेछ ।

(४) यस स्थानीय तहको क्षेत्र भित्र रहेका बनस्पतिहरुको संरक्षण र सदुपयोगका लागि आदिवासी जनजाति वा स्थानीय समुदायले सामुदायिक आलेख (कम्यूनीटि प्रोटोकल) बनाउन सक्नेछन् र उक्त सामुदायिक आलेखको पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

३९. **खनिज पदार्थ संरक्षण सम्बन्धी व्यवस्था :** (१) कार्यपालिकाले आफ्नो क्षेत्रभित्र रहेका खनिज पदार्थको अवस्था बुझ्न सर्भे तथा खोज गर्न सक्नेछ ।

अध्यक्ष

(२) उपदफा (१) बमोजिमको सर्भे तथा खोजबाट प्राप्त सूचना तथा तथ्याङ्कको आधारमा प्रचलित नेपालको कानून प्रतिकूल नहुने गरी कार्यपालिकाले खनिज पदार्थको संरक्षण तथा प्रवर्द्धनमा कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद ५

## वन तथा हरित क्षेत्रको संरक्षण तथा व्यवस्थापन

२०. वन, वन पैदावार तथा वन्यजन्तुको संरक्षण र प्रवर्द्धन गर्नुपर्ने : (१) आफ्नो क्षेत्राधिकार भित्रको वन, वन पैदावार तथा वन्यजन्तुको संरक्षण र प्रवर्द्धन गर्ने मुख्य जिम्मेवारी गाउँपालिकाको सहयोगमा सामुदायिक वन उपभोक्ता समूह, स्थानीय संघसंस्था र निजी वनवालाहरुको हुनेछ ।

(२) वन, वन पैदावार र वन्यजन्तुको संरक्षण र प्रवर्द्धनमा सहयोग गर्नु नागरिकको कर्तव्य हुनेछ ।

(३) वन तथा वन पैदावार संरक्षण र प्रवर्द्धन गर्ने सम्बन्धमा गाउँपालिकाले नेपाल कानूनको अधिनमा रही देहाय बमोजिम गर्नु पर्नेछ ।

क. संघ तथा प्रदेश र डिभिजन वन कार्यालय तथा अन्य सम्बन्धित निकायहरुसँग समन्वय गरी सामुदायिक वन उपभोक्ता समूह, स्थानीय समुदाय र स्थानीय संघसंस्थाको सहभागितामा आफ्नो सिमाभित्रका सामुदायिक वन, प्रथाजनित वन, पारिवारिक निजी वन र कृषि वनको संरक्षण र व्यवस्थापन गरी वनमा आधारित उद्यम र पर्यापर्यटन कार्यक्रमहरु समेत संचालन गर्ने,

ख. वन व्यवस्थापनमा संलग्न सामुदायिक वन उपभोक्ता समूह, समुदायमा आधारित अन्य वन उपभोक्ता समूह र स्थानीय संघसंस्थाको प्राविधिक, व्यवस्थापकीय र संस्थागत क्षमता विकासमा प्राथमिकता दिने,

ग. वनसँग सम्बन्धित प्राविधिक सेवालाई प्रभावकारी बनाउनुका अतिरिक्त क्षमता विकासको लागि उत्प्रेरणात्मक अवसरहरु सिर्जना गर्ने,

घ. आदिवासी जनजाति र स्थानीय समुदायमा रहेको वनजन्य, जडिबुटी तथा वनस्पति उपयोग सम्बन्धी परम्परागत ज्ञान, सीप, अभ्यास र चिकित्सा पद्धतिलाई आधुनिक विज्ञानसँग संयोजन गर्दै उन्नत प्रकारको ज्ञान, सीप र उत्पादनका लागि उपयुक्त वातावरण निर्माण गर्ने,

ङ. वन्यजन्तु र वनस्पतिको संरक्षण तथा प्रवर्द्धन गर्न संघ, प्रदेश र इलाका डिभिजन वन कार्यालय र अन्य सम्बन्धित निकायहरुसँगको समन्वयमा सम्बन्धित समुदाय मार्फत स्थानीय स्तरका प्राणी उद्यान तथा वनस्पति उद्यान लगायतका पर्यापर्यटन सम्बन्धी पूर्वाधार स्थापना र सञ्चालन गर्ने,

च. वन पैदावार संकलनमा दिगोपना र प्रभावकारिताका लागि परम्परागत ज्ञान र आधुनिक तथा दिगो प्रविधिहरुको प्रयोगलाई प्रोत्साहन गर्ने, पारिस्थितिकीय

गाउँ कार्यपालिकाको कार्यालय
ओरपाटी, धनकुटा
२०७३



अध्यक्ष

छ. पारिस्थिकीय प्रणालीमा आधारित वन व्यवस्थापन प्रणालीलाई सामुदायिक वन उपभोक्ता समुहहरुको कार्ययोजनामा सामेल गर्ने,

ज. संघ तथा प्रदेशको समन्वयमा संरक्षण क्षेत्र, सिमसार क्षेत्र तथा वन व्यवस्थापन पद्धतिहरुबाट पर्यापर्यटन प्रवर्द्धन गर्न योगदान पुर्याउने,

झ. वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधता र जलाधार क्षेत्रको संरक्षण, पुनःस्थापना र दिगो उपयोग गर्न आवश्यक योजना बनाई वन उपभोक्ता समूह र स्थानीय संघ संस्था मार्फत कार्यक्रम संचालन गर्ने,

ञ. गाउँपालिका क्षेत्रभित्रका जलचर र सो सम्बन्धी परम्परागत ज्ञानको संरक्षण गर्ने,

ट. संघ तथा प्रदेशसँग समन्वय र सहकार्य गरी गरिबीको रेखामुनि रहेका जनताको गरिबी न्यूनीकरण गर्न वनको संरक्षण र विकास हुने गरी आय आर्जनको व्यवस्थापन गर्न छोटी बिर्मार्का वा टाँचा लगाउने स्थल सञ्चालन गर्ने,

ठ. सामुदायिक वन उपभोक्ता समूहले वन पैदावार बिक्री तथा उपयोग गर्न बनाएको वार्षिक कार्ययोजना गाउँपालिकाको कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयन गराउने,

ड. गाउँपालिका क्षेत्रभित्रको सार्वजनिक जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गरी प्राप्त रकमलाई जैविक विविधता संरक्षण तथा दिगो जीविकोपार्जन सम्बन्धित कार्यहरुमा परिचालन गर्ने,

ढ. सामुदायिक भू-संरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रमहरु सञ्चालन गर्ने,

ण. संघ तथा प्रदेशको मापदण्डको अधीनमा रही उपभोक्ता समूहहरु वा स्थानीय संघसंस्था मार्फत गाउँपालिका क्षेत्रभित्रको जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावर सम्वन्धी सर्वेक्षण, उत्पादन, सङ्कलन, प्रशोधन र वजार व्यवस्थापन गर्ने ।

४१. **निजी वन सम्बन्धी व्यवस्थाः** (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि डिभिजन वन कार्यालय वा सव डिभिजन वन कार्यालयको सिफारिस सहित कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा आवश्यक जाँचबुझ गरी कार्यपालिकाले निजी वन दर्ता गरी प्रमाणपत्र दिनेछ ।

(३) व्यवसायिक प्रयोजनको लागि निजी वन वा निजी आवादिमा रहेको वन पैदावारको संकलन तथा ओसारपसार गर्नु परेमा कार्यपालिकाबाट स्वीकृति लिनु पर्नेछ ।

४२. **सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्था :** (१) कार्यपालिकाले प्रचलित संघीय तथा प्रदेश कानून तथा यस ऐनको अधीनमा रही सार्वजनिक जग्गामा वनको विकास, संरक्षण, व्यवस्थापन गर्न र वन पैदावरको उपयोग तथा बिक्री वितरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका कार्यहरु सामुदायिक वन उपभोक्ता समूह वा स्थानीय संघसंस्था मार्फत पनि गर्न सकिनेछ ।

(३) कार्यपालिकाले सडक, नहर र बाटो किनारमा लगाइएको तथा बाटोमा छहारी पर्ने रुखहरु र चौतारा, कुलाको मुहान, धार्मिक स्थल लगायतका अन्य संवेदनशील ठाउँमा लगाइएका

जोरपाटी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोरपाटी, धनकुटा २०७२
अध्यक्ष



Scanned with CamScanner

रुखहरुको संरक्षण गर्न तथा जोखिमपूर्ण अवस्थामा प्रचलित नेपाल कानूनको अधिनमा रही हटाउन सक्नेछ ।

४३. सहरी वनको विकास र व्यवस्थापन :"(१) कार्यपालिकाले आफ्नो क्षेत्र भित्रको सहरी क्षेत्र तथा बस्तीमा रहेका सार्वजनिक सडक तथा पार्क जस्ता स्थानमा आफैंले वा कुनै संघसंस्था वा निजी क्षेत्रसँगको साझेदारीमा सहरी वनको विकास तथा व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने सहरी वनको वन पैदावार कार्यपालिकाले तोकिए बमोजिम प्रयोग गर्न सक्नेछ ।

४४. वन क्षेत्रको प्रयोग : गाउँपालिकाले कुनै विकास आयोजना सञ्चालन गर्दा वन क्षेत्रको प्रयोग गर्नु बाहेक अन्य कुनै विकल्प नभएमा र प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययनबाट त्यस्तो आयोजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा सो आयोजना सञ्चालन गर्न त्यस्तो वन क्षेत्रको जग्गा प्राप्त गर्नको लागि प्रचलित नेपाल कानुन बमोजिम नेपाल सरकार समक्ष स्वीकृतिका लागि निवेदन गर्न सक्नेछ ।

४५. नर्सरी र उद्यान स्थापना तथा व्यवस्थापन : (१) संघीय तथा प्रादेशिक कानून प्रतिकुल नहुने गरी, प्रचलित मापदण्ड तथा तोकिएको प्रक्रिया पूरा गरेको सुनिश्चित गरी गाउँपालिका क्षेत्रभित्र जो कोहीले पनि कार्यपालिकाको अनुमति लिई नर्सरी स्थापना र सञ्चालन गर्न सक्नेछन् ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र उपदफा (१) बमोजिम सञ्चालन हुने नर्सरीको सम्बन्धमा संघीय तथा प्रादेशिक मापदण्डसँग नबाझिने गरी सञ्चालन तथा पूर्वाधार मापदण्ड निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(३) गाउँपालिका क्षेत्रभित्र उपदफा (१) बमोजिम स्थापना हुने सबै नर्सरीहरुको कम्तिमा वर्षको एक पटक तोकिए बमोजिम कार्यपालिकाले निरीक्षण तथा अनुगमन गर्नु पर्नेछ ।

४६. खुल्ला क्षेत्र व्यवस्थापन तथा हरियाली प्रवर्द्धनः (१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेका खर्क जग्गा र खुल्ला तथा सार्वजनिक क्षेत्रको संरक्षण, प्रवर्द्धन तथा अभिलेखीकरण गर्नु पर्नेछ ।

(२) कार्यपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहने खुल्ला तथा सार्वजनिक क्षेत्रमा प्रचलित कानूनको प्रतिकूल नहुने गरी वृक्षारोपण, सम्भार र व्यवस्थापन गर्न सक्नेछ ।

(३) खुल्ला तथा सार्वजनिक क्षेत्रको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून अनुसार हुने गरी कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

४७. जलाधार संरक्षण गर्नु पर्ने : (१) गाउँपालिका क्षेत्रभित्र रहेका जलाधारको संरक्षण गर्नु यस गाउँपालिका, स्थानीय समुदाय, स्थानीय संघसंस्था, स्थानीय बासिन्दा र सम्बन्धीत निकायको कर्तव्य हुनेछ ।

(२) कार्यपालिकाले संघीय र प्रदेशको कानून र मापदण्डको अधीनमा रही कार्यविधि बनाई स्थानीय समुदायका माध्यमबाट गाउँपालिका भित्रका जलाधार संरक्षण तथा व्यवस्थापन गर्नेछ ।

गाउँ कार्यपालिकाको कार्यालय जोरपाटी, धनकुटा २०७३ अध्यक्ष

CS Scanned with CamScanner

(३) आफ्नो क्षेत्रमा रहेको खानेपानीको मुहानको पहिचान, अभिलेखीकरण, संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मेवारी कार्यपालिकको हुनेछ ।

४८. नदी/खोला किनार, नदी/खोला उकास, नहर किनार र सडक किनारमा वृक्षारोपण : गाउँपालिका भित्रको नदी / खोला किनार, नदी / खोला उकास, नहर किनार र सडक किनारमा पर्ने रैकर जग्गा बाहेकका स्थलमा कार्यपालिकाको अनुमति लिई वृक्षारोपण गर्न सक्नेछ ।

(२) कार्यपालिकाले वृक्षारोपण सम्बन्धी मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

(३) वृक्षारोपण सम्बन्धी अन्य व्यवस्था नेपाल कानुन बमोजिम हुनेछ ।

## परिच्छेद-६

## संस्थागत व्यवस्था

४९. वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको स्थापना र सञ्चालन : (१) गाउँपालिकामा वातावरण तथा प्राकृतिक स्रोतका साथै जैविक विविधताको संरक्षण लागि वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको स्थापना हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन्:

क. संघ, प्रदेश सरकारबाट वातावरण संरक्षणका लागि प्राप्त रकम,

ख. विभिन्न संघ संस्थावाट प्राप्त रकम,

ग. अन्य स्रोतवाट प्राप्त रकम ।

(३) वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको सञ्चालन गाउँपालिकाले तर्जुमा गरेको कार्यविधि अनुसार हुनेछ ।

५०. वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद गठन गर्न सक्ने : (१) वातावरण, जैविक विविधता र प्राकृतिक स्रोत संरक्षण सम्वन्धी कार्यलाई व्यवस्थित रुपमा कार्यान्वयन गर्न, नीति योजना निर्माण गर्न, विभिन्न निकायहरु वीच समन्वय गर्न तथा यस ऐन अन्तर्गत अनुगमन तथा निरिक्षण गर्न गाउँपालिकामा वातावरण / सम्बन्धी विशेषज्ञ सम्मिलित वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद रहनेछ ।

(२) उपदफा (१) बमोजिमको परिषदमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरु रहनेछन:

| | |
|---|---|
| क. गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| ख. उपाध्यक्ष | सदस्य |
| ग. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ. स्वास्थ्य समिति संयोजक | सदस्य |
| ङ. वन, वातावरण समिति संयोजक | सदस्य |
| च. वातावरण तथा प्राकृतिक स्रोतको क्षेत्रमा काम गरेका विज्ञ १ महिला सहित ३ जना | सदस्य |

छ. स्थानीय वासिन्दाहरूमध्ये वन उपभोक्ता समितिहरूबाट २ जना सहित कार्यपालिकाले तोकेका १ महिला समेत ३ जना सदस्य

ज. कृषि क्षेत्र हेर्ने कार्यपालिका सदस्य — सदस्य

झ. वातावरण शाखा संयोजक- — सदस्य सचिव

(३) वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद्को अन्य काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ

. समितिहरु गठन गर्न सक्ने : (१) गाउँ कार्यपालिकाले यो ऐनको उद्देश्य पूर्तिको लागि सम्बन्धित विषयका विशेषज्ञहरु समेत रहेको विभिन्न समितिहरु गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गठित समितिहरुको काम, कर्तव्य र अधिकार गाउँ कार्यपालिकाले तोकिदिए बमोजिम हुनेछ ।

२. अनुगमन तथा मूल्यांकन : (१) यस ऐन अन्तर्गत आवश्यक अनुगमन र मूल्यांकन दफा ५० बमोजिम स्थापित वातावरण तथा जैविक विविधता संरक्षण परिषद वा परिषदले तोकेको निरीक्षण समितिहरूबाट गर्नेछ ।

(२) अनुगमन तथा मूल्यांकन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३. वातावरण संरक्षण योजना तर्जुमा गर्ने : (१) कार्यपालिकाले वातावरण तथा जैविक विविधता संरक्षण योजना तर्जुमा तथा कार्यान्वयन गर्नेछ ।

(२) कार्यपालिकाले वातावरण संरक्षण योजना तर्जुमा गर्दा वातावरण संरक्षण, जैविक विविधताको संरक्षण र प्रवर्द्धन, दीगो उपयोग र वातावरणीय र जैविक विविधताका स्रोतहरूको परम्परागत र स्थानीय अभ्यासहरूलाई समेत समावेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको वातावरण तथा जैविक विविधता संरक्षण योजना बनाउँदा महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदायलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

(४) वातावरण संरक्षण योजनामा समावेश गर्नुपर्ने विषयवस्तु तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-७

## कसूर, जरिवाना तथा क्षतिपुर्ती

.४. वातावरण सम्बन्धी कसुरमा जरिवाना: (१) वातावरण संरक्षण सम्बन्धमा कसैले देहायको कार्य गरेमा कार्यपालिकाले देहाय बमोजिमको जरिवाना गर्नेछ:

(क) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरीत हुने कार्य गरेमा पाँचलाख रुपैयाँसम्म,

(ख) प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरीत हुने कुनै प्रस्ताव कार्यान्वयन गरेमा दुई लाख रुपैयाँसम्म ।



अध्यक्ष

(२) कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा कार्यपालिकाले तुरुन्त रोकी वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराएको खण्डमा यस ऐन बमोजिम त्यस्तो प्रतिवेदन स्वीकृत गराउन र त्यस्तो प्रतिवेदनको विपरित कार्य भएकोमा सो कार्यलाई सुधार गर्न निश्चित अवधि तोकी आदेश दिनेछ र यसरी दिइएको आदेश बमोजिम गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ ।

(३) उपदफा (२) दिइएको आदेश बमोजिम कार्य नभएमा कार्यपालिकाले उपदफा (१) बमोजिम गरिएको जरिवानाको दोब्बर जरिवाना गर्नेछ ।

(४) उपदफा (१) मा उल्लेखित विषय बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरितका कुनै कार्य गरेमा कार्यपालिकाले त्यस्तो कार्य गर्न बन्देज लगाई संघीय कानूनले तोके बमोजिमको रकम जरिवाना गर्नेछ र दुई महिनाभित्र यो ऐन वा यस ऐन बमोजिम बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बमोजिमको कार्य गर्न आदेश दिन सक्नेछ ।

(५) यस दफा बमोजिम दिएको आदेश अनुसारको कार्य सम्बन्धित आदेशमा तोकेको अवधि भित्र सुधार नभएमा कार्यपालिकाले त्यस्तो कार्य गर्न बन्देज लगाउन सक्नेछ र त्यस्तो व्यक्ति वा संस्थालाई प्रचलित नेपाल कानुन बमोजिम कालोसूचीमा राख्ने सम्बन्धमा आवश्यक कारबाही गर्न कार्यपालिकाले सिफारिस सहित संघ र प्रदेश सरकारमा पठाउनु पर्नेछ ।

(६) यस दफा बमोजिम जरिवाना गर्नु अघि जरिवाना गर्न लागेको व्यक्ति वा संस्था वा आयोजनालाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

**५५. अन्य कसुर र दण्ड सजायः** गाउँपालिका क्षेत्रभित्र कसैले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम र कार्यविधिको उल्लङ्घन गरी वन तथा वातावरण र प्राकृतिक स्रोत सम्बन्धी दफा ५४ ले तोकेको बाहेक अन्य कुनै कसुर गरेमा हुने दण्ड सजाय तथा जरिवाना वन र वातावरण सम्बन्धी प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

**५६. कसुरको जाँचबुझ र कार्यविधिः** गाउँपालिका क्षेत्र भित्र हुने वन तथा वातावरण सम्बन्धी कसुरको जाँचबुझ र कार्यविधिका सम्बन्धमा वन तथा वातावरण सरक्षण सम्बन्धी संघीय कानून लागु हुनेछ ।

**५७. क्षतिपूर्ति :** (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका वा मापदण्ड विपरित प्रदूषण गरेको वा जोखिमपूर्ण फोहोर निष्कासन गरेको वा कुनै दुर्घटनाजन्य प्रदूषणका कारणबाट कुनै व्यक्ति वा संस्थालाई कुनै हानी नोक्सानी पुग्न गएमा त्यस्तो कार्यबाट पिडित व्यक्ति वा संस्थाले आफूलाई पुग्न गएको क्षति बापत कार्यपालिका वा संघीय कानूनमा तोकिएको निकायबाट क्षतिपूर्ति भराई पाउन गाउँपालिका मार्फत वा सोझै सम्बन्धित निकाय समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन सम्बन्धमा छानबिन तथा जाँचबुझ गर्दा निवेदकलाई हानी नोक्सानी भएको ठहरेमा क्षतिको गाम्भीर्यता यकिन गरी त्यसरी हानी नोक्सानी पुर्‍याउने व्यक्ति, संस्था वा प्रस्तावकबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

अध्यक्ष

छत्तर जोरपाटी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोरपाटी, धनकुटा २०७३

(३) गाउँपालिकाको कुनै निकाय वा गाउँपालिकाको स्वामित्व र नियन्त्रणमा रहेको संस्थाले प्रदूषण गरी क्षति पुगेको विषयमा परेको निवेदन सम्बन्धमा छानबिन गर्न कार्यपालिकाले मनोनयन गरेको तीन जना विषय विज्ञ रहेको समिति गठन हुनेछ र सो समितिको सिफारिसको आधारमा उपदफा (२) बमोजिम क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

(४) यस दफा बमोजिम क्षतिपूर्ति निर्धारण गर्ने आधार र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५८. उजुरी दिन सक्ने** : कसैले यस ऐन विपरित वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरित हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा वा यस ऐन विपरित हुने कार्य गरेमा वा गर्न लागेमा कार्यपालिका वा कार्यपालिकाले तोकेको अधिकारी समक्ष लिखित उजुरी दिन सक्नेछ ।

**५९. पुनरावेदन** : (१) यस ऐनको दफा ५४ बमोजिम भएको जरिवाना उपर चित्त नबुझ्ने पक्षले उक्त जरिवाना उपर थाहा पाएको मितिले पैतिस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(२) यस ऐनको दफा ५७ बमोजिम क्षतिपूर्ति निर्धारण सम्बन्धमा भएको निर्णय उपर चित्त नबुझ्ने पक्षले थाहा पाएको मितिले पैतिस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

**६०. सहुलियत तथा सुविधा प्रदान गर्न सक्ने** : वातावरण तथा जैविक विविधता संरक्षणमा सकारात्मक प्रभाव पार्ने कुनै उद्योग, व्यवसाय, प्रविधि वा प्रक्रियालाई प्रोत्साहित गर्न कानून बमोजिम प्रदान गरिएको सहुलियत तथा सुविधाको अतिरिक्त गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरि सहुलियत तथा सुविधा प्रदान गर्न सक्नेछ ।

## परिच्छेद- ८ विविध

**६१. ढुङ्गा, गिटि, वालुवा, माटोको उत्खनन, संकलन, उपयोग, बिक्री तथा वितरण सम्बन्धमा** : (१) गाउँपालिका क्षेत्राधिकार भित्र रहेका ढुङ्गा, गिटि, वालुवा तथा माटोको उत्खनन, संकलन, उपयोग, विक्रि तथा वितरण सम्बन्धी व्यवस्था संघीय सरकारले जारी गरेको मापदण्ड अनुरुप हुनेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्डको अधीनमा रही गाउँपालिकाले आफ्नो छुट्टै मापदण्ड र कार्यविधि बनाउन सक्नेछ ।

**६२. भू-उपयोग योजना र भूमि व्यवस्थापन कार्यक्रम सञ्चालन** : संघीय तथा प्रदेश कानूनको अधिनमा रही गाउँपालिकाले स्थानीय तहको भू-उपयोग योजना र भूमि व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

**६३. समन्वय र सहजीकरण गर्ने** : वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धी राष्ट्रिय तथा प्रादेशिक अभियानमा गाउँपालिकाले आवश्यक समन्वय तथा सहयोग गर्नेछ ।

**६४. सर्वेक्षण गर्न सक्ने**: कार्यपालिकाले आफ्नो क्षेत्रमा रहेको वातावरणीय तथा जैविक विविधता र परम्परागत ज्ञानको वस्तु स्थिति बुझ्न तथा यकिन गर्न आवश्यक भएमा तोकिए बमोजिमको ढाँचामा

वातावरणीय तथा जैविक विविधता र परम्परागत ज्ञानको सर्वेक्षण र अभिलेख कायम गर्न सक्नेछ ।

**६५. गुनासो व्यवस्थापन :** कार्यपालिकाले वातावरण, वातावरण संरक्षण तथा जैविक विविधता सम्बन्धित गुनासो र उजुरीको संकलन तथा सम्बोधनको लागि एक अधिकारी तोक्न सक्नेछ ।

**६६. परामर्श लिन सक्ने :** कार्यपालिका वा कार्यपालिकाको वातावरण शाखाले यस ऐनको कार्यान्वयनको लागि सम्बन्धित विषयका संघ संस्था वा विज्ञसँग आवश्यक परामर्श लिन सक्नेछ ।

**६७. अधिकार प्रत्यायोजन गर्न सक्ने :** कार्यपालिकाले यस ऐन अन्तर्गत तोकिएका जिम्मेवारी र अधिकार कार्यपालिकाको वातावरण शाखामा प्रत्यायोजन गर्न सक्नेछ ।

**६८. प्रचलित कानून बमोजिम हुने :** यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

**६९. नियम बनाउने अधिकारः** यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन पश्चात लागू हुनेछ ।

**७०. मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्ने :** यस ऐन कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ

**७१. संसोधनः** गाउँसभाले आवश्यकता अनुसार यस ऐनलाई संशोधन गर्न सक्नेछ ।

**७२. यस ऐन बमोजिम हुने :** गाउँपालिकाको अन्य ऐनहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐनमा लेखिएको कुराहरुमा यसै ऐन बमोजिम हुनेछ ।

**७३. बाधा अड्काउ फुकाउ :** यो ऐनको प्रयोग गर्ने क्रममा बाधा अड्काउ पर्न गएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

छथर जोरपाटी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोरपाटी, धनकुटा २०७३

अध्यक्ष